नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

**जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, रसुवा**

**DISTRICT CORONA CRISIS MANAGEMENT CENTER (DCCMC) RASUWA**

**बैठक संख्या** :- ६
**बैठक मिति** :- २०७७।०२।०३ गते
**स्थान** :- जिल्ला प्रशासन कार्यालय, रसुवा

**DCCMC सदस्यहरु**

**सल्लाहकार समुह**

श्री कूल प्रसाद भट्ट — प्रमुख- जिल्ला समन्वय समिति, रसुवा

श्री भवानी प्रसाद न्यौपाने — गाउँपालिका महासंघ, प्रदेश सदस्य

**जिल्ला समिति**

| | | | |
|---|---|---|---|
| श्री अर्जुन भण्डारी | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय | संयोजक |
| श्री मीना अर्याल | जि.स.अ. | जिल्ला समन्वय समितिको कार्यालय | सदस्य |
| श्री शिशिर खड्का | सेनानी | कालीजंग गण | सदस्य |
| श्री इन्द्रप्रसाद सुवेदी | प्र.ना.उ.- | जिल्ला प्रहरी कार्यालय | सदस्य |
| श्री किरण पौडेल | स.प्र.ना.उ. | सप्रवल नं.२० गुल्म धुन्चे | सदस्य |
| श्री देवराज उप्रेती | प्र.अ.अ. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | सदस्य |
| श्री किरण श्रेष्ठ | ज.स्वा.प्र | स्वास्थ्य कार्यालय, रसुवा | सदस्य |
| श्री अनिल खरेल | नि.मे.सु. | रसुवा अस्पताल, रसुवा | सदस्य |
| श्री सपना कुमारी भट्टराई | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, रसुवा | सदस्य-सचिव |

**आमन्त्रित:**

| | | |
|---|---|---|
| श्री कैसाङ नुर्पु तामाङ | अध्यक्ष | गोसाईकुण्ड गाउँपालिका |
| श्री दावा सिदार वाईवा | वडा अध्यक्ष | वडा नं. ६, गोसाईकुण्ड गाउँपालिका |

**निर्णयहरु:**

१. कोभिड-१९ सक्रिय संक्रमण भएका जिल्लाहरुबाट हालसम्म रसुवा प्रवेश गर्ने सरकारी, अर्धसरकारी, बैंक तथा वित्तिय संस्था तथा विकास योजनामा कार्यरत कर्मचारीहरुलाई Travel History Assessment का आधारमा दोहोरो स्थानमा एकान्तवास(Quarantine) नपर्नेगरी नियमानुसार सम्बन्धित कार्यक्षेत्र रहेको गाउँपालिकाको एकान्तवास(Quarantine) मा राख्ने र सबैको Rapid Diagnostic Test –RDT परीक्षण गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

२. कोभिड-१९ संकट व्यवस्थापन सञ्चालन केन्द्र काठमाण्डौको प.सं. ०७६/७७/३३ मिति २०७७/०२/०२ गतेको पत्रानुसार हाल विश्वव्यापी रुपमा फैलिदै गएको कोभिड-१९ को संक्रमण केहि दिन यता ड्युटिमा खटिने सुरक्षाकर्मी, स्वास्थ्यकर्मी लगायतलाई समेत देखा परेको हुँदा यस जिल्लामा कोभिड-१९ रोकथाम तथा नियन्त्रण कार्यमा प्रत्यक्ष खटिने/कामकाज गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधिहरुलाई प्राथमिकताको आधारमा क्रमशः Rapid Diagnostic Test –RDT परीक्षण गर्दै जाने । एक हप्ता भित्र सबै विवरण संकलन स्वास्थ्य कार्यालयले गर्ने ।

३. जिल्ला प्रशासन कार्यालय नेपालगञ्ज, बाँकेको च.नं. ५७५७ मिति २०७७/०२/०१ गतेको पत्रसाथ प्राप्त सूचीमा उल्लेख भएका छिमेकी राष्ट्र भारतबाट आएका यस जिल्लाको नौकुण्ड गाउँपालिका वडा ४ (साविक सरमथली-५) बस्ने वर्ष ४६ को लाई गाउँपालिकाले व्यवस्थापन गरेको एकान्तवास(Quarantine) मा नियमानुसार तोकिएको अवधिसम्म अनिवार्य राख्ने व्यवस्था मिलाउन नौकुण्ड गाउँपालिकालाई जानकारी गराउने । साथै आवश्यक परीक्षण गर्ने व्यवस्था स्वास्थ्य कार्यालयको समन्वयमा मिलाउने ।